# रामधुनीनगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी

दोश्रो पटक प्रकाशित मिति २०७५।०३।३१

प.स. २०७५।०७६
च.नं. २११४

विषय : ठेक्काको लगाउने बारेको ३ दिने सुचना ।

यस नगरपालिकाको जडिबुटी कवाडी र जिबजन्तु कर संकलन गर्न ठेक्का टेण्डर द्वारा वन्दोवस्त गर्नु पर्ने भएकोले सम्वन्धित सबैको जानकारीकोलागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ इच्छुक संघ/संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही शिलवन्दि टेन्डर तोकिएको मिति र समयमा छुट्टा छुट्टै दर्ता गराउन हुन अनुरोध छ ।

### तपसिल

| क.सं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक बार्षिक रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिममिति | बोलपत्र दर्ता गर्ने अन्तिममिति | शिलबन्दिबोलपत्रखोलिने मिति |
|---|---|---|---|---|---|---|
| १. | जडिबुटी, कवाडी र जिबजन्तु कर | १००,०००।०० एक लाख। | १०००।०० | २०७५।४।१गते ५:०० बजे सम्म । | २०७५।४। २ गते दिनको १२:०० बजे | २०७५।४।२ गते दिनको १:०० बजे |

### ठेक्काको सर्तहरु

१. बोलपत्रफारम खरिद गर्ने बुझाउने अन्तिम दिनहरुमा कुनै सार्वजनिक विदा पर्न गएमा विदा पछि लाग्ने कार्यालय खुलेको दिनलाई सो कार्यक्रमको लागि गणना गरिने छ ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम फिर्ता नहुने गरि खरिद गरि पेश गर्नु पर्ने छ । आफुले कवोल गरेको अंकको एकमुष्ठ रकममा ५% (ना.प्र.प.को प्रतिलिपी पेश गर्नु पर्ने) धरौटी रकम यस नगरपालिकाको नाममा रहेको रा.वा.बैकं ईनरुवा स्थित धरौटी खाताच.हि.नं. २२२०३०३००३००२ मा दाखिला गरेको बैक भौचर वा सो वमोजिमको नगदै रकम संलग्न राखि लाहा छाप शिलवन्दि गरी तोकिएको मिति र समय सम्ममा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन दिनको १.०० वजे नियमानुसार दर्ता भएको शिलवन्दि वोलपत्र टेण्डर कार्यालय तथा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

३. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा (कवोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । टेण्डर फारम भर्नेको नेपालीले नागरिक्ताको प्रमाणपत्र तथा टेण्डर फरम खरिद गरेको नगदि रसिदअनिवार्य संलग्न राख्नु पर्ने छ ।

४. रित नपुगि दर्ता पेश हुन आएको टेन्डर फारम लाई कुनै पनि शर्तमा मान्यता दिईने छैन ।

५. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकी रहने व्यक्तिवा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन ।

६. कर संकलन गर्न प्रयोग गर्ने रसिदआफैले व्यवस्था गर्नु पर्ने छ । कर दस्तुर नगर परिपदले निर्धारण गरे वमोजिम उठाउनु पर्ने छ । रसिद न.पा. वाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाईने छ ।

७. वोलपत्र फारम जसको नाम वाट जुन प्रयोजनको लागि खरिद गरिएको छ सोहि व्यक्ति वा फर्मको नाममा र सोहि प्रयोजनमा टेन्डर दाखिला (दर्ता) गर्नु पर्ने छ । नाम फेरी वोल पत्र दाखिला गराएमा त्यस्तो वोल पत्रलाई मान्यता दिईने छैन् ।

८. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ३ तिन दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाएमा मुष्ठ बुझाए वापत १० प्रतिशत सम्म छुट दिइनेछ ।

९. ठेक्का सम्वन्धि लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ ।

१०. तोकिएको शर्तमा आल टाल गरेमा धरौटी जफत गरी दोश्रो क्रमको वोलपत्र दाता व्यक्ति वा संस्था संग सम्झौता गरी ठेक्का दिईने छ वा पुन टेण्डर गरिने छ ।

११. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिका मा निहित रहने छ ।

१२. मापदण्ड विपरितको कामवा संझौता उलंघन गर्ने काम कुनै पक्ष वाट गर्न पाईने छैन गरेमा सो वाट हुने क्षतिपुर्ती र नियमानुसारको कार्वाबाही सोही पक्षले वेहोर्नु पर्ने छ ।

१३. सुचनामा लेखिएवाहेकको प्राबधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

नौट : अन्य विस्तृत कुरा बुझ्नु पर्ने भएमा कार्यालयको फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ ।